**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन पत्र**

**विषयः- नेपालको संविधानको धारा १३३(२) बमोजिम परमादेशयुक्त जो चाहिने अन्य आवश्यक र उपयुक्त अदेश जारी गरी पाऊँ ।**

अर्घाखाँची जिल्ला पाणिनी गाँउ पालिका वडा नं. ५ घर भई हाल का.जि.का.म.न.पा.वडा नं. २८ स्थित रहेको श्रीमर ल प्रा.लि.मा कार्यरत अधिवक्ता भक्तिराम घिमिरेको वारेस भई आफ्नो हकमा समेत का.जि.का.म.न.पा.वडा नं. २८ बस्ने वर्ष ३८ को राजेन्द्र वोगटी ......................१निवेदक

विरुद्ध

१. का.जि.का.म.न.पा. सिंहदरवारमा स्थित नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार...........................................................................................१,

२. का.जि.का.म.न.पा. सिंहदरवारमा स्थित भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय.............१,

३. का.जि.का.म.न.पा. सिंहदरवारमा स्थित कानुन न्याय तथा संघिय मामिला मन्त्रालय...........१,

४. का.जि.का.म.न.पा. मिनभवनमा स्थित यातायात व्यवस्था विभाग...............................१,

५. भारतको चेन्नाई स्थित रहेको मन्द्रास सेक्युरिटी प्रिन्टर्स..................................१ विपक्षी

म निवेदक सर्वोच्च अदालत नियमावली, २०४९ बमोजिम निवेदन बापत लाग्ने दस्तुर रु.५००/- यसै साथ संलग्न राखि देहाय बमोजिम निवेदन गर्दछु ।

१. म निवेदक वकालत पेशामा संलग्न एक नेपाली नगारिक हुँ । अभिव्यक्ति स्वतन्त्रता, सुचनाको हक, गोपनीयताको हक, कानुनी शासन, मानव अधिकार, संविधानवाद, जन उत्तरदायी सरकार तथा नेपालको संविधान र कानुनले दिएको अधिकारको संरक्षणको पक्षमा र जनअधिकारको संरक्षणको लागी कृयाशिल रहनु एक कानुन व्यवसायी र सचेत नागरिकको कर्तव्य समेत हो । नेपालको संविधानले गोपनियताको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । नेपालको संविधानमा उल्लेखित गोपनियताको हकसँग निवेदकको समेत मौलिक अधिकारको हक जोडिएको हुँदा यो विषयमा निवेदकको सार्थक सरोकार छ । साथै यो विषय सार्वजनिक सरोकार भित्र समेत पर्ने कुरा निर्विवाद छ । नेपालको संविधानमा मौलिक हकको रुपमा गोपनियताको हक रहेको छ । विपक्षीहरुले विदेशी कम्पनीलाई स्मार्ट कार्ड बनाउनको लागी दिएको कारणले नेपालको संविधानमा रहेको गोपनियताको हकको हनन भएको र यस सम्बन्धमा बैकल्पीक उपचार समेत नभएकोले आम नेपाली नागरिकको गोपनियता सम्बन्धी मौलिक हकको संरक्षण गर्न एक कानुन व्यवसायी र सचेत नेपाली नागरिकको हैसियतले नेपालको संविधानको धारा १३३(२) बमोजिम निवेदकलाई यस सम्मानित सर्वोच्च अदालतमा प्रस्तुत रिट निवेदन दायर गर्न हकदैया रहेको हुँदा प्रस्तुत रिट निवेदन लिएर सम्मानित अदालतमा उपस्थित भएको छु । प्रस्तुत रिट निवेदन जारी गरी पाऊँ भन्ने सर्मथनमा निम्न बुँदाहरु उल्लेखित गरेको छु ।

२. नेपालको संवैधानिक ईतिहासलाई हेर्ने हो भने गोपनियताको हकलाई नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ मा गोपनियताको हक पहिलो पटक मौलिक हकको रुपमा राखेको पाईन्छ । नेपालको अन्तरिम संविधान, २०६३ तथा प्रचलित संविधान नेपालको संविधानको धारा २८ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानुन बमोजिम बाहेक अनतिक्रम्य हुने छ भनी गोपनियताको हक नेपालको संविधानको मौलिक हकको रुपमा रहेको छ ।

३. यसै विचमा साप्ताहिक खवर पत्रिका हिमाल, वर्ष २५, अंक ४९, पुर्णाक ५३४, २०-२६ चैत २०७३ अंकमा स्मार्ट लाइसेन्स नेपालीको विवरण भारतमा भन्ने शिर्षकमा प्रकाशित खोज पत्रकारिता केन्द्रको समाचार सामग्रीमा सवारी चालक अनुमती पत्रलाई विद्युतीय कार्डबाट विस्थापित गर्दै लैजान स्मार्ट लाईसेन्स वितरण गर्न थालेको सरकारले ड्राईभिङ्ग गर्ने हरेक नेपालीको व्यक्तिगत विवरण (डाटावेस) चेन्नाईस्थित **"मन्द्रास सेक्युरिटी प्रिन्टर्स"** भारतीय कम्पनीको कब्जामा पुगेको कुरा उल्लेख गरेको छ । यातायात व्यवस्था विभागले कागजको परम्परागत लाईसेन्सलाई विस्थापित गर्ने भनी मिति २०७२/०८/१४ गते देखी **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाईसेन्स"** अर्थात **"स्मार्ट कार्ड"** वितरण गर्ने भनी पहिला वागमती अञ्चल यातायात व्यवस्था कार्यालयबाट **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स"** वितरण शुरु गरेको छ । साथै हाललाई यो सेवा बागमती यातायात व्यवस्था कार्यालयमा मात्र सिमित राखिएको भए पनि आगामी दिनमा यसको विस्तार गरी देशका अन्यत्र स्थानमा समेत यो सेवा सुचारु गर्ने यातायात व्यवस्था विभागले लक्ष्य लिएको छ ।

४. **"स्मार्ट कार्ड"** अर्थात **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स"** वितरण शुरु गर्नु आफैमा सुखद पक्ष हो । तर **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स"** वितरण गर्ने नाममा नेपालका नागरिकको हरेक गोपनियता अन्यत्र मुलुकको कम्पनीलाई सुम्पन कदापी राम्रो होइन । नागरिकले लाइसेन्स वनाउदाँ राज्यलाई समर्पण गरेको सुचनाहरु राज्यले सोही प्रयोजनको लागी वाहेक अन्यत्र प्रयोग गर्न नहुने अवस्थामा विदेशी कम्पनीको हातमा सुम्पनुले प्रत्येक नागरिकको

गोपनियताको हक हनन भएको छ ।  यातायात व्यवस्था विभागले वितरण गर्ने **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स"** मा निम्न कुराहरुको विवरण उल्लेख गरिएको हुन्छः

क) फिल्ड नेम (फिल्ड लेवबल)

ख) फिल्ड भ्याल्यु (डाटा)

फिल्ड नेममा लाइसेन्स जारी गर्ने निकायको नाम, सवारी चालकको व्यक्तिगत विवरणका शिर्षक राखिएको हुँन्छ। कार्डमा भएको शिर्षक अनुसार चालकको नाम र विवरण यातायात व्यवस्था विभागमा पेश गरिन्छ। यसै गरी यातायात व्यवस्था विभागमा कम्पनीले उपलब्ध गराएको चिप्समा विवरण भर्ने काम पनि विभागमा नै हुन्छ। फिल्ड नेम सहितको कार्ड विभागलाई "**मन्द्रास सेक्युरिटी प्रिन्टर्स"**ले पठाउछ। चालकको सम्पुण विवरण विभागले उक्त कम्पनीलाई उपलब्ध गराए पश्चात उक्त कम्पनीले विभागलाई उपलब्ध गराएको कार्डमा इन्कोडिङ गर्ने मात्र काम विभागले गर्दछ। यदी कुनै चालकको विवरण विग्रीयो वा सच्याउनु परेको खण्डमा पनि सम्पुर्ण विवरण विभागले कम्पनीलाई मन्द्रास पठाउने गर्दछ। यसको सम्पुर्ण डाटावेस कम्पनीको नियन्त्रणमा छ अर्थात नेपाल सरकारको नियन्त्रणमा छैन। अर्थात त्यो सम्पुर्ण विवरण नेपालमा होइन भारतको कम्पनीको नियन्त्रणमा रहेको छ। हाल सम्म वागमती अञ्चल यातायात कार्यालयबाट १ लाख ४० हजार स्मार्ट लाइसेन्स वितरण भई सकेको र सोही संख्यामा नेपाली नागरिकको गोपनियता अर्थात व्यक्तिगत विवरण **वायोमेट्रिक्स डिटेल** सहितका **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स अर्थात स्मार्ट लाईसेन्स"**मा राखिने सम्पुर्ण विवरण भारतीय कम्पनीको हातमा पुगिसकेको र उसको नियन्त्रमा रही सकेको छ। यसरी नेपालको संविधानले उल्लेख गरेको गोपनियताको हकको विरुद्ध हुने गरी नेपाली नागरिकको व्यक्तिगत विवरण संकलन गरी अन्य मुलुक वा अन्य मुलुकको कम्पनीलाई सुम्पनु कदापी संविधान संवत हुन सक्दैन। यसले राष्ट्रिय सुरक्षामा समेत दीर्घकालिन रुपमा प्रतिकुल असर पार्ने तथ्य निर्विवाद छ।

५. यसरी वितरण गरिने **"इलेक्ट्रोनिक ड्राईभिङ्ग लाइसेन्स अर्थात स्मार्ट लाईसेन्स"**मा व्यक्तिको नाम,थर र ठेगान, जन्म मिति, बाबुको नाम, व्यक्तिको हस्ताक्षर, नागरिकता नम्बर, व्यक्तिको तस्वीर, सवारी नम्बर, टेलिफोन नम्बर, रक्त समुह, चालकको सवारी साधन नम्बर र ट्राफिक कारवाहीको विवरण र बायोमेट्रिक डिटेल (औठा छाप) समेत सो कार्डमा समावेश गरिएको हुन्छ। व्यक्तिगत विवरण अधिकार प्राप्त राज्यका निकाय वाहेक अर्को व्यक्तिको हातमा पुग्दा स्वदेशमा नै त्यसको दुरुपयोग हुने र व्यक्तिको गोपनियता नरहने कारण व्यक्तिको सुरक्षामा नै खतरा पुग्ने अवस्थामा विदेशी कम्पनीलाई नेपाली नागरिकको सम्पुर्ण विवरण सुम्पनुले व्यक्तिको गोपनियताको हक हनन भएको कुरा निश्चत छ। संविधानले हरेक नागरिकको गोपनियताको हकको सुरक्षा गरेको छ। व्यक्तिगत विवरण विदेशी कम्पनी वा अनधिकृत व्यक्तिको हातमा पुग्ने अवस्थाले संविधानको गंभिर उल्लंघन भएको छ। व्यक्तिगत गोपनियताको विषय आफैमा संवेदनशिल पक्ष हो। त्यस माथी वायोमेट्रिक्स सहितको व्यक्तिगत विवरण देश वाहिर हुन साथै **टेक्नोलोजी लकिङ** तथा सम्पुर्ण विवरणको डाटा समेत नेपाल सरकारको नियन्त्रणमा नहुनुले कालान्तरमा नेपालको सार्थभौमसत्तामा नै असर पर्ने अवस्था सृजना हुन्छ। अतः यो मौलिक हक प्रतिकुल मात्र नभई राष्ट्रको सार्वभौमसत्ता सँग प्रतिकुल असर पार्ने निश्चित छ।।

६. मानव अधिकारको विश्वव्यापी घोषण पत्रको धारा १२ मा कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी वा गैर कानुनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैर कानुनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ भनी उल्लेख गरेको छ । (Universal Declaration of Human Rights Article 12 No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honour and reputation. Everyone has the right to the protection of the law against such interference or attacks.) नेपाल संयुक्त राष्ट्रसंघको पक्ष राष्ट्र भएको हैसियतले संयुक्त राष्ट्रसंघ बाट पारित विभिन्न घोषणा तथा महासन्धीको पालना गर्नुपर्ने हुन्छ । नेपालले अनुमोदन गरेका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय दस्तावेजहरुले गोपनीयताको हकलाई प्राथमिक अधिकारको रुपमा उल्लेख गरेको छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र मानव अधिकारको आधारभुत दस्तावेज पनि हो । यसै गरी यसलाई अझ वढी स्पष्ट पार्न नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्र, १९६६ को धारा १७ मा कुनै पनि व्यक्तिको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैर कानुनी आक्रमण नै गरिने छ । प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमण विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ (INTERNATIONAL COVENANT1 ON CIVIL AND POLITICAL RIGHTS A rticle 17. No one shall be subj ected to arbitrary or unlawful interference with his privacy, family, home or correspondence, nor to unlawful attacks on his honour and reputation. Everyone has the right to the protection of the law against such interference or attacks.) भनी उल्लेख छ । यसरी राज्यको संविधान तथा कानुन विपरित कुनै पनि व्यक्तिको गोपनियता माथी हस्तक्षेप वा पहुँच हुनु गैर कानुनी भएको कुरालाई मानव अधिकारको विश्वव्यापी घोषण पत्र तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रले उल्लेख गरे विपरित रहेको छ ।

७. गोपनियताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । व्यक्तिको निजी काम कारवाही र गतिविधीहरुमा अनावश्यक रुपमा सरकार तथा तेश्रो पक्षबाट हस्तक्षेप नहुने प्रत्याभुती आधुनिक युगको गोपनियताको हकको मुख्य उद्देश्य र विषय हो । गोपनियता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो अर्थात Right to be let alone भन्ने सँग सम्बन्धीत छ । कुनै पनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पुर्णत नकार्दछ अर्थात A man with out privacy is a man with out diginity पनी भनीन्छ । सुचना सेवा प्रदायक संस्थाहरु सँग संग्रहित डाटा बैकमा व्यक्ति, संस्था र स्वयम सरकारी निकायहरुको सुचना रहने हुनाले त्यस्तो सुचनाको संरक्षण व्यक्तिको हक हितको सुरक्षाको प्रश्न नभई राज्य कै हित र सुरक्षाको हकमा समेत लागु हुने कुरा हो । राज्यको, अङ्ग, निकाय वा त्यहाँ कार्य गर्ने पदाधिकारी एवं कर्मचारीहरु सम्बन्धी सुचनालाई राज्यको अन्य अंग वा निकायले समेत सम्मान र संरक्षण गर्नु पर्ने हुन्छ । त्यसको उल्लघंन गर्ने गलत वा अपराधिक चेष्टा गर्नु हुदैन । डाटा बैकमा रहेको सुचनामा पँहुच हासिल गर्ने नाममा वा सुचना प्रवाह कै सिलसिलामा कल डिटेल अभिलेख गर्ने वा टेलिफोन वार्ता नै अभिलेख गर्ने प्रवृत्ति वा संयन्त्र जडान गर्न, ल्याउन, राख्न वा उपयोग गर्न समेत कुराको नियमित गर्ने समेत कानुनी व्यवस्था अर्न्तगत पुर्व अनुमती

भएमा वाहेक त्यस्तो गर्न नमिल्ने व्यवस्था गर्नु पर्ने हुन्छ । त्यसको जिम्मेवारी दुरसंचार प्राधिकरण वा कानुनले निर्धारण गरेको निकायले लिनु पर्ने हुन्छ । त्यस्तो निकायले समेत आफ्नो कर्तव्य पालना नगरेमा तीनका  उपर उजुरी गर्न उजुरी सुन्ने निकायको समेत व्यवस्था गर्नु पर्ने हुन्छ । सुचनामा अनधिकृत पुहँच दिने दिलाउने कार्य भएको विषयमा उजुरी परि छानविन भएमा आवश्यकता अनुसार विषेश प्राविधिक टोलि खडा गरी जाँचबुझ गराई आवश्यक निर्ष्कष सहित उजुरी कर्तालाई जानकारी दिनु पर्ने समेत व्यवस्था गर्नु पर्ने हुन्छ भनी सम्मानित सर्वोच्च अदालतका तत्कालिन माननीय न्यायाधिस रण बहादुर बमको हत्याको अनुसन्धानको सिलसिलामा प्रहरीले नेपालमा रहेका टेलिफोन प्रदाय कम्पनीले दिएको टेलिफोन तथा एस एम एस को विवरण दिँदा समेत गोपनियताको हकलाई संरक्षण गर्नु पर्ने भनी सर्वोच्च अदालतको संयुक्त इजलासले गरेको फैसला आधारमा समेत (०६९-Wo-०२६८) विदेशी कम्पनीलाई व्यक्तिगत विवरण दिनु गोपनिताको हकमा आघात पुग्ने प्रष्ट छ ।

८. नेपालको संविधानको धारा २८ मा रहेको गोपनियताको हकमा भएको हननले नेपालको संविधानको धारा १६ ले सम्मानपुर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक तथा धारा २७ ले सुचनाको हकमा समेत प्रतिकुल असर पर्ने प्रष्ट छ । उल्लेखित संवैधानिक व्यवस्थाको विपरित विपक्षीहरुले वितरण गर्ने **"इलेक्ट्रोनिक ड्राइभिङ्ग लाइसेन्स अर्थात स्मार्ट लाईसेन्स"** बनाउनको लागी दिइने व्यक्तिगत विवरण विदेशी कम्पनीको नियन्त्रणमा रहने, नेपाल सरकारको नियन्त्रण बाहिर रहनाले नेपालको संविधानको धारा २८ उल्लेखित धारा विपरित भएकोले उक्त कार्य बदर गर्न र निम्न आदेश जारी हुन अन्य बैकल्पीक उपचारको व्यवस्था नभएको हुँदा  सम्मानित अदालत समक्ष न्यायका लागी यो निवेदन लिई उपस्थित भएको छु ।

९. अतः माथी उल्लेखित संबैधानिक व्यवस्था, अन्तराष्ट्रिय कानुनहरु तथा सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त समेतको आधारमा नेपालको संविधान, २०७२ को धारा १३३(२) अर्न्तगत मौलिक हकको संरक्षण गरी तत्काल मौलिक हक प्रचलन गराउने देहाय बमोजिम आदेश जारी गरी पाऊँ:

क) प्रत्येक नागरिकको विवरणहरु गोप्य रहने र जुन निकायले जुन प्रयोजनको लागी विवरण संकलन गरेको हो सो वाहेक अन्य प्रयोजनमा प्रयोग नहुने  र गैर नेपाली, राज्य वा व्यक्तिको हातमा सुचना नजाने व्यवस्था मिलाउन र सो बमोजिम गोपनियता कानुन बनाउन ।

ख) नेपाली नागरिकको नाम, ठेगाना, उमेर, व्यक्तिगत विवरण, नागरिकता नम्बर, वायोमेट्रिक डिटेल लगायतको विषयहरु नेपाल वाहेक विदेशी राज्य वा कम्पनीको डाटावेसमा समावेश हुने वा विदेशी कम्पनी र राज्य मार्फत त्यस्तो कार्य गर्न तत्काल रोक लगाई नेपाल सरकार स्वंयमले नै यस्तो प्रविधि विकास गरी वा खरिद गरी नेपाल सरकारको नियन्त्रयमा सवै सुचना राख्ने व्यवस्था मिलाउने ।

ग) नेपालको सार्वभौम सत्ता, राजकिय सत्ता तथा भौगोलिक अखण्डतालाई अच्क्षुण राखी नेपाली नागरिकको जिउ, धनको सुरक्षा गर्न नेपाली नागरिकको गोपनियताको हकलाई कायम हुने गरी अव आइन्दा स्मार्ट पासपोर्ट, लाईसेन्स, राष्ट्रिय परिचय पत्र, सामाजिक सुरक्षा कार्ड, मतदाता परिचय पत्र तथा यस्तै

राज्यले नागरिकको लागी उपलब्ध गराउने कुनै पनि कानुनी डकुमेन्टलाई विद्युतिय चिप्स प्रविधिमा लैजाँदा नागरिकको सुरक्षा नेपाल सरकारलेको प्रत्यक्ष संरक्षणमा रहने र सम्बन्धित निकाय वाहेक अन्यत्र त्यस्तो डाटा लिन नहुने व्यवस्था मिलाउने गरी कानुन बनाउन विपक्ष नं. ३ लाई आदेश जारी गरी पाऊँ ।

घ) साथै हाल विपक्षी नं. १,२ र ४ ले विपक्षी नं. ५ लाई दिएको इलेक्ट्रोनिक ड्राइभिङ्ग लाइसेन्स अर्थात स्मार्ट लाईसेन्स बनाउने ठेक्का बमोजिमको सवै डाटाहरु नेपाल सरकारको अधिनस्थ ल्याउने प्रकृया शुरु गर्न तत्काल आदेश जारी गरी पाऊँ ।

१०. साथै प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीहरुबाट भएको कार्यले नेपाली नागरिकको ड्राइभिङ्ग लाइसेन्सलाई डिजिटल गराउने कार्य गर्दा नेपाली नागरिकको डाटा विदेशी कम्पनीको हातमा जाने र नेपालीको सुरक्षा सम्बेदनशिलतामा समेत असर पर्ने भएको हुँदा प्रस्तुत मुद्दाको फैसला नभएसम्म विपक्षीहरुलाई नेपाल भित्र, नेपाल सरकारको नियन्त्रणमा डाटा स्टोर हुने र विदेशीको हातमा नजाने व्यवस्था मिलाउन सर्वोच्च अदालत नियमावलीको नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरी पाऊँ ।

११. निवेदकको तर्फबाट उपस्थित कानुन व्यवसायीहरुको बहस जिकिरलाई यसै निवेदनको अभिन्न अङ्ग मानी पाऊँ ।

१२. संलग्न प्रमाण कागजातहरुः

क) साप्ताहिक खवर पत्रिका हिमाल, वर्ष २५, अंक ४९, पुर्णाक ५३४, २०-२६ चैत २०७३ अंकमा स्मार्ट लाइसेन्स नेपालीको विवरण भारतमा भन्ने शिर्षकमा प्रकाशित समाचारको प्रतिलिपी ।

(ख)

१३. माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउलाँ ।

निवेदकः

नि.वा. राजेन्द्र वोगटी

इति सम्बत् २०७३ साल चैत्र महिना २९  रोज ०४ शुभम् ................................................।